# मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पकडी, कपिलवस्तु
### (लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्याः ०८१।८२
च.न.-

वेबसाईट : www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

मितिः २०८१।०४।२२

**विषयः स्वयंसेवक शिक्षक पदका लागि दोस्रो पटक विज्ञापन समय थप गरिएको सम्बन्धी सूचना।**

स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी खुला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्तिका लागि यस कार्यालयबाट मिति २०८१।०४।०७ गते १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएकोमा मिति २०८१।०४।२१ गते कार्यालयसमय भित्र पेश भएका आवेदनमध्ये तपसिलका स्वयंसेवक शिक्षक पदका आवेदन आवश्यक संख्यामा नपरेकोले स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधनसहित), २०८१ बमोजिम यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र आवेदन पेश गर्न दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

१.स्वयंसेवक शिक्षक पदपूर्ति विवरणः

| क्र.स. | विज्ञापन नं. | तह | विषय | पदसंख्या | कै. |
|---|---|---|---|---|---|
| १. | ०५/०८१/०८२ | निम्नमाध्यमिक | विज्ञान | १(एक) | |
| २. | ०६/०८१/०८२ | माध्यमिक(कक्षा ९-१०) | गणित | ३(तीन) | |
| ३. | १०/०८१/०८२ | माध्यमिक(कक्षा ११-१२) | अंग्रेजी | १(एक) | |

२.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः

(क) निम्न माध्यमिक तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पुरा गरेको। तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(ख) माध्यमिक तह (कक्षा ९/१०)- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा (कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

(घ) माध्यमिक तह (कक्षा ११/१२)-मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा संकायबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको।

३.अन्य आवश्यक कागजातहरुः

क)शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु।

# मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## (लुम्बिनी प्रदेश, नेपाल)

वेवसाईट www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com


पत्र संख्याः ०८१।८२
च.न.-

मितिः २०८१।०४।२२

ख) सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि। (माध्यमिक तह कक्षा ९-१० र ११-१२ को हकमा माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र)।

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

घ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ङ) मायादेवी गाउँपालिकाको स्थायी बासिन्दा भए सम्बन्धित वडा कार्यालयको सक्कलै सिफारिस पत्र।

४. परीक्षाको किसिमः क)लिखित परीक्षा (सामान्य र विषयगत)
ख) प्रयोगात्मक परीक्षा (आवश्यक भएमा) ग) अन्तर्वार्ता

५. स्वयंसेवक शिक्षक र पुस्तकालय सहायकको परीक्षा पाठ्यक्रमः स्वयंसेवक शिक्षकको लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार हुने र पुस्तकालय सहायक कर्मचारीको लिखित परीक्षाको पाठ्यक्रम मायादेवी गाउँ कार्यपालिकाबाट स्वीकृत स्वयंसेवक शिक्षक तथा पुस्तकालय सहायक कर्मचारी व्यवस्थापन कार्यविधि(संशोधनसहित), २०८१ को अनुसूची-२ मा भए अनुसार हुनेछ।

६.उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

७.दरखास्त दस्तुरः निम्न माध्यमिक तहको हकमा रु. ७००।- माध्यमिक तह (कक्षा ९-१०) र कक्षा ११-१२ को हकमा रु.१०००।-का दरले बुझाउनु पर्नेछ।

८.निर्वाह खर्चः गाउँपालिकाको निर्णयानुसार।

९.दरखास्त दिने अन्तिम मितिः २०८१।०४।२८ गते कार्यालय समयभित्र।

१०.संपर्क मिति र लिखित परीक्षा हुने मितिः पछि प्रकाशन गरिनेछ।

११.उम्मेदवारले दरखास्त दस्तुर गाउँपालिकाको एन.एम.बि.बैङ्कमा रहेको आन्तरिक राजस्व खाता नं. 1190072295600031 मा जम्मा गरी सक्कलै भौचर निवेदनसाथ पेश गर्नुपर्नेछ।

पुनश्चः कुनैपनि शर्त राखी दरखास्त स्विकृत गरिने छैन।आवेदन फाराम गाउँपालिकाको वेवसाइट :**www.mayadevimunkapilvastu.gov.np** बाट **Download** गर्न सकिने छ ।

संपर्क नं. ९८४७२८८२३०(प्रा.स.), ९८११४८७८५०(स.कम्प्युटर अ.), ९८५७०५२३५२(सूचना प्र.अधिकृत)

........................
(वलीउद्दीन मुसलमान)
पदपूर्ति समिति संयोजक

बोधार्थ,
श्री सूचना प्रविधि शाखा- सूचना गाउँपालिकाको Website र Facebook पेजमा Upload गरिदिनुहुन।

CamScanner